चापाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चापाकोट, स्याङ्जा
स्था: २०७३

पत्र संख्या: २०७७/७८
चलानी नं

गण्डकी प्रदेश, नेपाल

## प्रेस विज्ञप्ती

विश्वव्यापी रुपमा महामारीको रुपमा फैलदै गएको नोवेल कोरोना भाइरस (कोभिड-१९) को दोस्रो चरणको संक्रमण यस चापाकोट नगरपालिकामा पनि देखिएको छ । यद्यपी कोरोना संक्रमण समुदाय स्तरमा समेत फैलन सक्ने उच्च जोखिम रहेको यस चापाकोट नगरपालिकाले ठहर गरेको छ । यस नगरपालिका अन्तरगतका कर्मचारी, शिक्षक र समुदायमा समेत कोरोना पुष्टि भएको हुँदा संक्रमणबाट वच्न  उच्च स्वास्थ्य सुरक्षा सावधानी अपनाउदै चापाकोट नगरपालिका अन्तरगत वजारक्षेत्रका सेवाहरु संचालन गर्ने, अत्यावस्यक वाहेकका अन्य सेवाहरु पूर्ण रुपमा वन्द गर्ने, अत्यावस्यक काम वाहेक घर वाहिर ननिस्कन र उच्च सतकर्ता अपनाउन सम्पूर्ण नगरवासीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

साथै संक्रमणको जोखिम न्यूनीकरण गर्न यस नगर कार्यपालिका कार्यालय, वडा कार्यालयहरुवाट हुने सम्पूर्ण सार्वजानीक सेवाहरु, शैक्षिक संस्थाका पूर्व निर्धारीत परीक्षा तथा शैक्षिक कार्यक्रम वाहेक सवै शैक्षिक गतिविधीहरु, वैंक तथा वित्तीय संस्थाहरु वाट प्रदान गरिने अत्यावस्यक वाहेका सवै सेवाहरु मिति २०७८ वैशाख १३ गते सोमवार सम्म वन्द हुने व्यहोरा सवै नगरवासीहरुमा जानकारी गराउँदछौ तर  स्वास्थ्य संस्थाहरु वाट प्रदान गरिने सम्पूर्ण सेवाहरु उच्च स्वास्थ्य सुरक्षा अपनाउदै यथावत रुपमा संचालन हुनेछन ।

कोरोना संक्रमणबाट जोगिन अपनाउनुपर्ने स्वास्थ्य सावधानिहरु पूर्ण रुपमा अपनाउदै सचेत रहन सम्पूर्ण नगरवासी आमावावु, दाजुभाई तथा दिदिवहिनीहरुमा अपिल गर्दै कोरोना महामारी नियन्त्रण तथा व्यवस्थापन गर्न प्रदेश र संघ सरकारसंग समन्वय र सहकार्य गरि अभिभावकत्व कायम गर्न चापकोट नगरपालिका सदैव तत्पर रहेकोले धैर्य र सुरक्षित रहन सरोकारवालाहरु सम्पूर्णमा हार्दिक अपिल गर्दछौ ।

मिति : २०७८।०१।०८

शिव कुमार गिरी
नगर प्रमुख

श्री शिव कुमार गिरी
नगर प्रमुख

E-mail: info@chapakotmun.gov.np
Tel No. 063411080/81

Website: https://chapakotmun.gov.np/
Social links: https://twitter.com/of_chapakot?s=09

चापाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चापाकोट, स्याङ्जा

स्था: २०७३

पत्र संख्या: २०७७/७८

चलानी नं

गण्डकी प्रदेश, नेपाल

## विषय : Covid-19 सम्वन्धमा ।

**श्री चापाकोट नगरपालिका अन्तर्गत सम्पुर्ण वडा कार्यालयहरु/सरकारी/अर्धसरकारी/सार्वजानिक निकायहरु/शिक्षण संघसंस्थाहरु/वैक तथा वित्तीय संस्थाहरु एवम् सम्वद्ध सरोकारवालाहरु सवै ।**

प्रस्तुत विषयमा विश्वव्यापी वन्दै गईरहेको दोस्रो चरणको नोभेल कोरोना Covid-19 भाईरसको उच्च जोखिममा नेपाल पनि रहेको व्यहोरा प्रकाशनमा आईसकेको छ । सम्भावित महामारिवाट वच्नका लागि पूर्व सतर्कता अपनाउने सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, स्याङजाबाट सवैका लागि जानकारीमूलक सूचना प्रकाशन तथा पत्राचार भइसकेको छ । सोही सूचना वमोजिम Covid-19 को सतर्कता सम्बन्धमा प्राप्त सूचना अनुसार पूर्वसतर्कताका लागि निम्नानुसार गर्नु/गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

१. सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण र सजगता अपनाउनका लागि सरकारी, गैरसरकारी कार्यालय, सन्चार माध्यम, नागरिक समाज, पेशाकर्मी, समाजसेवी, सवैको सहकार्यमा सचेतनामूलक अभियान संचालन गर्ने, आफ्नो नगर क्षेत्र भित्र सर्वसाधारणहरुमा कोरोना भाइरस र यसवाट वच्ने उपायको जानकारीका लागि माईकिङ गर्ने/गराउने व्यवस्था गर्ने,

२. अत्यावश्यक सेवा जस्तैः होटल, रेष्टुरेन्ट, अस्पताल, औषधि पसल, खाद्यान्न तथा विपत व्यवस्थापन वाहेक अन्य सवै किसिमका पसलहरु वन्द गर्ने/गराउने साथै नगरपालिका कार्यालय र वडा कार्यालयहरु, अस्पताल, स्वास्थ्य चौकिहरु, आयुर्वेद औषधालयहरु बाट प्रदान गरिने सार्वजानीक सेवा प्रवाह (नागरिकता, स्रेस्ता उतार, लालपुर्जा, चारकिल्ला तथा घरवाटो सिफारिस, योजना सम्झौता तथा सिफारिस) लगायत अन्य सम्पूर्ण दैनिक प्रशासनिक सेवाहरु मिति २०७८।०१।१३ सम्मका लागि वन्द गर्ने/गराउने, तर उल्लेखित निकायहरुमा कार्यरत कर्मचारीहरु २४ सै घण्टा Stand By वस्ने व्यवस्था मिलाउने ।

३. स्वास्थ्य कर्मचारीहरु स्वास्थ्य सेवाका लागि तयारी अवस्थामा रहने,

४. कालोवजारी नगर्ने, भएको पाईएमा सूचना गर्ने, प्रमाणित भएमा कारवाही गर्ने/गराउने,

५. चापाकोट नगरपालिका अन्तरगत रहेका सम्पूर्ण शैक्षिक संस्थाहरु पहिलो चरणका लागि मिति २०७८ वैशाख १३ गते सम्पूर्ण रुपमा वन्द गर्ने गराउने तर पूर्व निर्धारित शैक्षिक कार्यक्रमहरु यथावत रुपमा संचालन हुने छन ।

६. आर्थिक कारोवार गर्ने वैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्थाहरु, माइक्रोफाइनान्सहरु, लगायत सरकारी/अर्धसरकारी संस्थाहरुवाट प्रदान गरिने सेवाहरु नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना हुनेगरी संचालन गर्ने/गराउने व्यवस्था गर्ने ।

श्री शिव कुमार गिरी

नगर प्रमुख

E-mail: info@chapakotmun.gov.np
Tel No. 063411080/81

Website: https://chapakotmun.gov.np/
Social links: https://twitter.com/of_chapakot?s=09

चापाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चापाकोट, स्याङ्जा
स्था: २०७३

पत्र संख्या: २०७७/७८
चलानी नं
गण्डकी प्रदेश, नेपाल

७. सार्वजानीक यातायात सञ्चालन गर्दा यातायातमा अनिवार्य रुपमा मास्क तथा स्यानीटाईजरको व्यवस्था गर्ने, सीट क्षमता भन्दा वढी यात्रुहरु ओसारपसार नगर्ने, लामो दुरीका सवारी साधनले छोटो दुरीका यात्रुहरु ओसारपसार नगर्ने व्यवस्था मिलाउने साथै सवारी संचालन गर्दा सवारी नं र यात्रुको विवरण सम्वन्धित प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा रिपोर्टिङ्ग गर्ने व्यवस्था मिलाउने ।

८. विवाह, भोजभतेर, सेमिनार, गोष्ठि, सिनेमाहल, जिमहाउस जस्ता कार्यक्रम संचालन गर्दा पुर्ण रुपमा भौतिक दुरी कायम गरी २५ जनाको संख्यामा नवढ्ने गरी संचालन गर्ने /गराउने व्यवस्था गर्ने

९. विदेशबाट चापाकोट नगरपालिकामा प्रवेश गर्ने सम्पूर्ण नागरिकहरु अनिवार्य रुपमा होम क्वारेन्टाईनमा वस्नुपर्ने र एन्टीजिन परीक्षण गर्नुपर्ने ।

१०. कोरोना भाइरस नियन्त्रण तथा रोकथाम गर्न सरोकारवालाहरु सवैले ध्यान दिने सहकार्य र समवन्वय गर्ने ।

मिति :२०७८।०१।०८

शिव कुमार गिरी

श्री शिवकुमार गिरी
नगर प्रमुख



Scanned with CamScanner